सहाना प्रधान

# अथक शीर्ष नेतृ



जन्म : वि. सं. १९८४ असार २७

नेपाली राजनीतिमा पुरुषसँग प्रतिस्पर्धा गरेर समान हैसियत बनाउने महिलाको सङ्ख्या धेरै छैन। निकै थोरै महिलाले मात्र त्यस्तो हैसियत र स्थान बनाएका छन्। मुलुकको समग्र राजनीतिलाई नै प्रभावित पार्नसक्ने नीति-निर्माणको तहमा पुग्ने महिला नेतृहरूको सङ्ख्या त झनै कम छ। तर, सहाना प्रधान भने यस्तो महिला नेतृ हुनुहुन्छ, जो प्रजातन्त्र पुन:स्थापनापछि सधैँ राजनीतिको महत्त्वपूर्ण स्थानमा रहँदै आउनुभएको छ। मुलुकको सबैभन्दा ठूलो दल नेकपा (एमाले) स्थायी समिति सदस्य प्रधान पहिलो पुस्ताकी शीर्ष महिला नेतृ हुनुहुन्छ। सडक, सदन र सत्ता तीनै ठाउँको अनुभव उहाँसँग छ। नेपाली महिला आन्दोलनका सुरुका दिनहरूमा त्यसलाई सङ्गठित र संस्थागत गरेर राजनीतिमा प्रवेश गर्नुभएकी सहाना त्यसयता निरन्तर राजनीतिमा क्रियाशील हुनुहुन्छ।

सहाना प्रधानले आज जुन हैसियत र स्थान बनाउनुभएको छ, यो कसैको दया, माया र सहानुभूतिले प्राप्त भएको होइन। राणाशासनको कालरात्रिदेखि उहाँले राजनीतिमा देखाउनुभएको क्रियाशीलता र उठाउनुभएको जोखिमको परिणामस्वरूप उहाँ आजको स्थानसम्म आइपुग्नुभएको छ। सम्वत् २००१ मा बर्माबाट नेपाल फर्केदेखि नै उहाँ नेपालको राजनीतिमा सक्रिय हुन थाल्नुभएको हो। बुबा शङ्करलाल प्रधान व्यापारको सिलसिला बर्मा जाँदा उहाँ पनि बर्मा जानुभएको थियो। तर, दोस्रो विश्वयुद्धका कारण बर्मामा बस्न नसक्ने स्थिति भएपछि उहाँहरूको परिवार नेपाल फर्क्यो। नेपालमा जहानियाँ राणाहरूको अत्याचारका विरुद्ध भित्रभित्रै आन्दोलनको आगो सल्किदै थियो। सहानाजस्ता सचेत, जागरुक र विद्रोही स्वभाव भएका युवाहरू त्यसबाट अछुतो हुन सक्ने कुरै भएन। बर्मामै आठ कक्षासम्मको अध्ययन गरेर फर्किनुभएकी सहाना राणाविरोधी आन्दोलनमा सक्रिय हुन थाल्नुभयो। ००४ सालमा भएको प्रदर्शनमा भाग लिँदा उहाँ पक्राउ पर्नुभयो। सात दिनपछि रिहा हुनुभएकी सहानामा प्रजातन्त्रको पक्षमा अझै दृढतापूर्वक लाग्ने उत्साह थपियो। रिहा गर्नुअघि उहाँहरूलाई श्री ३ पद्मशमशेरको कार्यालयमा पुऱ्याइएको थियो, जहाँ उपस्थित बहादुरशमशेर, बबरशमशेर

र मृगेन्द्रशमशेरले सोधे- "यी केटीहरू किन आएका हुन्, घरधन्धा छोडेर ?" हक्की र निडर स्वभावकी सहानाले तुरुन्तै जवाफ दिनुभयो- "छोरीहरूले पनि पढ्न पाउनुपर्छ, पढ्नका लागि स्कुल चाहिन्छ।" त्यसको १५ दिनपछि डिल्लीबजारमा कन्या क्याम्पसको स्थापना भयो र छोरीले पनि पढ्न पाउने व्यवस्था सुरु भयो। तर, त्यो स्कुल एक कक्षासम्मको मात्र थियो, सहानाहरू पढ्नबाट वञ्चित हुनुभयो। पछि मात्रै दरबार हाइस्कुलमा पनि महिलाहरूले पढ्न पाउने व्यवस्था भयो, जहाँबाट उहाँले प्रवेशिका उत्तीर्ण गर्नुभयो।

सहाना प्रधानको जन्म सम्वत् १९८४ असार २७ गते काठमाडौँको असनमा बुबा शङ्करलाल प्रधान र आमा रम्भादेवी प्रधानकी कान्छी छोरीका रूपमा भएको हो। दुई वर्षको हुँदा बुबासँगै बर्मा पुग्नुभएकी सहाना दोस्रो विश्वयुद्धका कारण साढे दुई महिनाको कष्टपूर्ण पैदलयात्राद्वारा नेपाल फर्किनुभएको थियो। उहाँका दाजु गौरीभक्त प्रधान र दिदी साधना प्रधान पनि राजनीतिक रूपमा सचेत, जागरुक र क्रियाशील भएका कारण सहानाले उति साह्रो पारिवारिक असहयोग र दबाब झेल्नुपरेन। तर, त्यतिबेलाको समाजमा महिलाले राजनीति गरेको पाच्य हुने कुरै थिएन।

००४ सालमा नेपाल महिला सङ्घको स्थापना गर्न सहाना प्रधान पनि सक्रिय बन्नुभयो। तर, विस्तारै कम्युनिस्ट विचारतिर आकर्षित हुन थाल्नुभएकी सहानालाई त्यस सङ्घका गतिविधिहरू मन परेका थिएनन्। झन् भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको नेपाल भ्रमणलाई लिएर उब्जिएको विवादका कारणका सङ्घ विभाजन हुने स्थिति सिर्जना भयो। कम्युनिस्ट पार्टीसँग वैचारिक सामिप्यता राख्ने महिलाहरूले नेपाल महिला सङ्गठन स्थापना गरे। त्यसको अध्यक्ष कामाक्षादेवी हुनुभयो भने महासचिवको जिम्मेवारी सहानाले सम्हाल्नुभयो। ००८ सालमा कम्युनिस्ट पार्टीमाथि प्रतिवन्ध लागेका कारण त्यसको असर सङ्गठनमा पनि पर्‍यो। पछि पुण्यप्रभादेवी ढुङ्गानाको नेतृत्वमा स्थापित अखिल नेपाल महिला सङ्घ नै प्रगतिशील महिलाको सङ्गठन बन्यो।

कम्युनिस्ट नेताहरूसँगको सम्पर्क र कम्युनिस्ट सिद्धान्तप्रति बढेको रुचिका कारण सहाना महिला कार्यकर्ताबाट कम्युनिस्ट कार्यकर्तामा रूपान्तरण हुनुभयो। पद्मशमशेरसँग मताधिकार माग्दा होस् वा काठमाडौँ नगरपालिकाको निर्वाचनमा दिदी साधनालाई जिताउन लाग्दा होस्, सहाना कम्युनिस्ट सोचबाट निर्देशित हुनुहुन्थ्यो। किनभने, ००७ सालमा कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त गर्नुभएकी सहाना त्यसको एक वर्षपछि नै काठमाडौँ जिल्ला कमिटीमा चुनिनुभएको थियो। प्रायः नारीको जीवनमा आइपर्ने पारिवारिक समस्याका कारण राजनीतिक र सामाजिक गतिविधि प्रभावित हुने रोगबाट उहाँ पनि अछुतो हुन सक्नुभएन, जसका कारण झन्डै २० वर्ष उहाँको राजनीतिक क्रियाशीलतामा गतिरोध उत्पन्न भयो।

सहाना प्रधान ०१० सालमा नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालसँग वैवाहिक सूत्रमा बाँधिनुभयो। सचेत र क्रियाशील राजनीतिक कार्यकर्ताका रूपमा सहानाले निर्माण गर्नुभएको छविको प्रभाव पुष्पलालमा पनि परेको थियो, जसका कारण वैचारिक समझदारीका आधारमा उहाँहरूबीच विवाह भयो। पुष्पलालसँग सहानाको पहिलो भेट कुनै पार्क वा रमणीय स्थलमा होइन, राणाशाहीको हिरासतमा भएको थियो। ००४ सालमा पुष्पलाल र सहानाबीच हिरासतमा चिनजान र भेट हुँदा उहाँहरूले विवाहको कल्पना पनि गर्नुभएको थिएन होला।

सहाना सानैदेखि अध्ययनमा निकै रुचि राख्नुहुन्थ्यो। उहाँले दरबार हाइस्कुलबाट एसएससी उत्तीर्ण गर्नुभयो भने भाइको अभिभावक बनेर भारतको लखनउ पुग्नुभएकी सहानाले त्यहीँबाट आइएस्सी उत्तीर्ण गर्नुभयो। उहाँले ००९ सालमा नेपालमा बीएको परीक्षा दिदाँसम्म कुनै महिलाले बीए उत्तीर्ण गरेका थिएनन्। बीचमा आइपरेका थुप्रै कष्ट र अवरोधहरू पार गर्दै सहानाले ०१८ सालमा अर्थशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गर्नुभयो। त्यसपछि त्रिभुवन विश्वविद्यालयमा अध्यापनमा संलग्न सहाना १४ वर्ष त्यसैमा व्यस्त हुनुभयो। ०३६ को आन्दोलनको पृष्ठभूमि तयार हुँदै गरेका बेला विद्यार्थी आन्दोलन उठाउन सहयोग गरेको

अभियोगमा सरकारले सहानालाई ०३२ मा विश्वविद्यालयबाट निष्कासन गऱ्यो । लामो समयसम्म सुस्त गतिमा चलिरहेको उहाँको राजनीतिक यात्राले त्यसपछि भने गति लियो । पीएडी गर्ने धोको पूरा नभएकोमा सहानाको मनमा अहिले पनि थकथक लागिरहन्छ ।

त्रिभुवन विश्वविद्यालयबाट राजनीतिक आस्थाका आधारमा निकालिएपछि सहाना प्रवास जानुभयो, जहाँ पुष्पलाल बस्नुहुन्थ्यो । तीन वर्ष पनि साथै बस्न नपाउँदै नेपाली कम्युनिस्ट आन्दोलनका नक्षत्र पुष्पलालको ०३५ साउन ७ गते पुरानो दिल्लीस्थित गोविन्दभाइ बल्लभ अस्पतालमा निधन भयो । त्यसपछि स्वदेश फर्केर सहाना पार्टीको पोलिटब्युरो सदस्यका रूपमा राजनीतिमा क्रियाशील हुनुभयो । ०४२ मा मनमोहन अधिकारीले नेतृत्व गरेको पार्टीसँग एकता हुँदा पनि उहाँ नेकपा (मार्क्सवादी) को पोलिटब्युरोमै छानिनुभयो । ०४७ सालमा नेकपा (माले) र मार्क्सवादीबीच एकता हुँदा उहाँ नेकपा (एमाले) को पोलिटब्युरो सदस्य छानिनुभयो । ०४९ सालको पाँचौं महाधिवेशनले पनि उहाँलाई पोलिटब्युरो सदस्य नै निर्वाचित गऱ्यो । ०५४ मा एमाले विभाजन भएपछि उहाँ चार वर्ष नेकपा (माले) को अध्यक्ष बन्नुभयो भने ०५८ फागुनको एकता र ०५९ को सातौं महाधिवेशनबाट उहाँ फेरि एमालेको स्थायी समिति सदस्य बन्नुभयो । अहिले उहाँ एमालेको महिला विभाग प्रमुखसमेत हुनुहुन्छ ।

००४ सालमा नागरिक अधिकार मागेबापत सुरु भएको सहानाको जेलयात्रा पटकपटक दोहोरिरह्यो । ००९ सालमा सल्लाहकार सभाको विरोध गरेबापत पनि उहाँले चार महिना जेल सजाय बेहोर्नुपऱ्यो । ०३६ को विद्यार्थी आन्दोलनका क्रममा सहानालाई २० दिन हिरासतमा राखियो भने ०४२ सालको सत्याग्रहका बेला उहाँ साढे पाँच महिनासम्म हिरासतमा बस्नुभयो । ०४६ को जनआन्दोलन सफल पार्न सात कम्युनिस्ट घटकले गठन गरेको संयुक्त वाममोर्चाको अध्यक्षको जिम्मेवारी पाउनुभएकी सहानाले त्यतिबेला पनि ५३ दिनको जेल बसाइ बेहोर्नुपऱ्यो । तर, आन्दोलनका सामु राजा झुकेपछि उहाँसहितका आन्दोलनकारी

नेताहरूलाई स-सम्मान दरबारमा बोलाई ०४६ चैत २६ गते वार्ता गरिएको थियो। प्रजातन्त्र पूर्ण रूपमा स्थापना नभएसम्म आन्दोलन नरोकिने अडान सहानाले राजासँग राखेपछि वार्ता गर्न गएका काङ्ग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईले समेत जिब्रो टोकेका थिए। तर, उहाँको त्यही अडानले दलमाथिको प्रतिबन्ध हटाउने मात्र होइन, जनताका शक्तिहरूको बहुलतामा ०४७ को संविधान बन्ने स्थिति बन्यो।

सहाना प्रधान जनताबाट अनुमोदित नेता हुनुहुन्छ। ०४८ मा भएको प्रजातान्त्रिक निर्वाचनमा सर्वाधिक मत प्राप्त गरी उहाँ प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो भने ०५१ मा उहाँ पुनःनिर्वाचित हुनुभयो। ०४७ सालको अन्तरिम सरकारमा सहाना प्रधानमन्त्रीपछिको दोस्रो वरिष्ठ मन्त्री हुनुभएको थियो भने ०५३ मा बनेको संयुक्त सरकारमा उहाँ महिलामन्त्री हुनुभयो। सहाना महिला दबाब समूह नामक प्रबुद्ध महिलाहरूको संस्थाको अध्यक्ष हुनुहुन्छ।

महिला अधिकारका क्षेत्रमा पार्टीभित्र र बाहिर समान रूपमा क्रियाशील सहाना पुरुषप्रधान समाजमा शिर उठाएर हेर्दा देखिने एक वरिष्ठ नेतृ हुनुहुन्छ। महिलाअधिकारका क्षेत्रमा मात्र होइन, समग्र राजनीतिक क्षेत्रमा सहानाले निर्माण गरेसरहको स्थान अर्को कुनै नेपाली महिलाले निर्माण गर्न नसकेको कुरा यथार्थ हो। राजनीतिक दलहरूलाई महिलाअधिकारका बारेमा सचेत र संवेदनशील बनाउन सहानाले खेलेको अहम् भूमिका नेपाली महिला आन्दोलनका लागि बिर्सिन नसकिने योगदान हो। उहाँकै पहलमा नेकपा (एमाले) ले ०६२ भदौ १२ गते सम्पन्न केन्द्रीय कमिटीको नवौँ बैठकबाट आमाका नाममा पनि छोराछोरीलाई नागरिकता दिनुपर्ने प्रस्ताव पारित गरेको छ। यस्तो प्रस्ताव पारित गर्ने एमाले नेपालको पहिलो राजनीतिक दल हो। सहाना प्रधानजस्ता बौद्धिक, निडर र निरन्तर क्रियाशील नेतृबाट नेपाली महिला आन्दोलनले पाएको नेतृत्व र मार्गनिर्देशनले यस आन्दोलनलाई अझै उचाइमा पुर्‍याउने विश्वास गर्न सकिन्छ।

◆